# दूधपोखरी गाउँपालिका
## DOODHPOKHARI RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipal Executive
गौडा, लमजुङ (Gaunda, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)

पत्र संख्या Ref. No. :- ०८१।८०
चलानी नं. Dispatch No. :- ६६०

Email : info@dudhpokharimun.gov.np
Website : dudhpokharimun.gov.np


मिति:२०८०।०२।२४

विषयः आवश्यक कार्यार्थ पठाईएको सम्बन्धमा।

श्री वडा कार्यालय सवै,

श्री स्वास्थ्य चौकि सवै,

श्री विद्यालय सवै,

दूधपोखरी गाउँपालिका, गौडा लमजुङ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.न ४७७ मिति २०८०।०२।१९ को पत्र बमोजिम आवश्यक कार्यार्थ गर्नु भनि जिल्ला प्रशासन कार्यालयबाट च.न ६७१९ मिति २०८०।०२।२१ को पत्र प्राप्त भएकोले सोहि बमोजिम गर्नु गाराउनु हुन अनुरोध छ साथै गृह मन्त्रालयको पत्रको छायाँकपी यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

२०८०।२।२४

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

गुनासो व्यवस्थापन शाखा

पत्र संख्या:- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४७७

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०८०/०२/१९

**विषय:- निर्देशन ।**

**श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार ।**
**श्री नेपाल हज समितिको सचिवालय, सिंहदरबार ।**
**श्री महाशाखा/शाखाहरु,सबै, गृह मन्त्रालय ।**
**श्री विभाग, सबै ।**
**श्री प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, सबै ।**
**श्री इलाका/सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारको टिकट नं. HS-WEB-43301 मार्फत **गृह मन्त्रालय मातहत कार्यरत केही वरिष्ठ अधिकारीहरुको अनुपयुक्त, अव्यवसायिक गतिविधि तथा पदको गम्भिरता र महत्वलाई ध्यान नदिई टिकटकमा अनावश्यक र उश्रृङ्खल किसिमका भिडियोहरु पोस्ट गर्ने गरेको** भन्ने व्यहोराको गुनासो प्राप्त भएको । विगतमा पनि पटक पटक यस्तै प्रकृतिका गुनासाहरू प्राप्त भएकोले सो सम्बन्धमा कर्मचारीहरुलाई समय समयमा मौखिक जानकारी गराउँदै आएतापनि गुनासाहरु आउने क्रम निरन्तर रहेकोले सोको सम्बोधनका लागि देहायको बुँदाहरु मन्त्रालय मातहतका सम्पूर्ण कर्मचारीहरुले पालना गर्न/गराउन निर्देशन दिने भनी मन्त्रालयको मिति २०८०।०२।१६ गतेको (सचिवस्तरीय) निर्णय भएकोले सो बमोजिम कार्यान्वयन गर्नु/गराउन हुन अनुरोध छ ।

**देहायः**

१. कार्यालय समयमा, कार्यालय परिसरभित्र र कर्मचारी पोशाकमा टिकटक जस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने,
२. सरकारी सवारी साधनको प्रयोग गरी टिकटक जस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने,
३. कार्यालयसँग सम्बन्धित संवेदनशील काम कारवाहीको जानकारी, गोप्य कागजात आदि सामाजिक सञ्जाल मार्फत सेयर नगर्ने/नगराउने,
४. कार्यालयको काम कारवाहीको विवरण जानकारी गराउँदा, सार्वजनिक गर्दा व्यक्तिगत प्रचार-प्रसार र जस लिने आशयले नगर्ने,
५. आफ्नो नियमित कर्तव्यभित्र पर्ने सरकारी कामकाज गरेको विषयलाई अनावश्यक तन्काएर विज्ञापन गरेको जस्तो देखिने गरी व्यक्तिगत सञ्जालहरुमा समेत नराख्ने,
६. सार्वजनिक पदधारण गरेका सबै राष्ट्रसेवक कर्मचारीहरुले पदीय जिम्मेवारीलाई नकारात्मक प्रभाव पार्ने खालको विषयवस्तु सामाजिक सञ्जालमा नराख्ने,
७. माथि उल्लेखित बुँदाहरु कार्यान्वयन भए/ नभएको सम्बन्धमा मन्त्रालयबाट सुक्ष्म अध्ययन एंव अनुगमन समेत गरिनेछ।

(मालती पन्त)
शाखा अधिकृत

**बोधार्थ:**
माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्रीज्यूको निजी सचिवालय ।
श्रीमान् सचिवज्यूको सचिवालय ।